# बित्थडचिर गाउँपालिका
(Bitthadchir Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executive)

9858487345 प्र.प्र.अ.
18105000109 टोल फ्री नं.
Email:bitthadchirmun@gmail.com
Website:www.bitthadchirmun.gov.np

देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


पस:२०८३।०८४
च.न.

## विशेषज्ञ सूचीमा सूचीकृत हुन निवेदन पेश गर्ने सम्बन्धी सूचना।

**सूचना नं. ०४**

**प्रकाशित मिति: २०८३।०४।०८ गते शुक्रवार।**

बित्थडचिर गाउँपालिका अन्तरगत सञ्चालित विद्यालयहरुमा करार शिक्षक नियुक्तिका लागि सिफारिस गर्न सञ्चालन हुने विभिन्न विद्यालय तहसम्मका प्रतियोगितात्मक परीक्षाको प्रश्न पत्र निर्माण, प्रश्न पत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण एवम् शैक्षिक गुणस्तर सुधारका लागि अनुभव आदान प्रदान गर्न शिक्षा नियमावली २०५९ (दशौं संशोधन सहित) को नियम ९६ (क) को उपनियम (१) को खण्ड (ग) तथा उपनियम (६) बमोजिमको शिक्षक छनौट समितिको सदस्य प्रयोजनको लागि विशेषज्ञ सूची अद्यावधिक गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुले मिति:२०८३।०५।०८ गते कार्यालय समय भित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकूद शाखामा तपसिल बमोजिमका प्रमाणित कागजात सहित निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८३/०४/०८
नर बहादुर धामी
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

१. प्रारम्भिक बालकक्षा, आधारभूत तह (कक्षा १-८) को विज्ञ सूचिमा सूचिकृत हुन शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरी कम्तिमा ३ वर्ष शिक्षण अनुभव भएको।
२. माध्यमिक तह (कक्षा ९-१२) को लागि शिक्षा शास्त्र तर्फ सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण भइ सम्बन्धित तहमा कम्तिमा ३ वर्ष शिक्षण अनुभव भएको।
३. माथिल्लो तहमा सूचिकृत भएको विषय विज्ञ तल्लो तहको लागि स्वतः सूचिकृत भएको मानिनेछ र यस अघ सूचिकृत भएका विषयविज्ञले नवीकरण मात्र गर्नु पर्नेछ।

**नवीकरण/सूचिकृत हुन निवेदन साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु:**

१. नेपाली नागरिकता तथा शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि......१/१ प्रति।
२. नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि .....१ प्रति।
३. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि.......१ प्रति ।
४. सम्बन्धित विद्यालयबाट सेवाप्रमाणित पत्रको प्रतिलिपि......१ प्रति ।
५. शिक्षक सेवा आयोगले तोकेको निर्धारित पाठ्यक्रम अनुसार तयार पारेको २/२ सेट प्रश्न पत्र(विषयगत र वस्तुगत) हार्ड कपी र सफ्ट कपि
६. बित्थडचिर गाउँपालिका आर्थिक ऐन २०८३ बमोजिम विज्ञ सूचि दर्ता शूल्क माध्यमिक तहको लागि रु.२०००/-(नवीकरण १०००/-) आधारभूत तहको लागि रु १५००/-(नवीकरण शुल्क रु.७५०) जम्मा गरेको भौचर प्रतिलिपि...........१ प्रति।



CamScanner